# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, कात्तिक २६ गते २०३६ साल [ संख्या २६

श्री ५ को सरकार

### पर्यटन मन्त्रालयको

### सूचना

पर्वतारोहणसम्बन्धी नियमावली, २०३६

पर्यटन ऐन, २०३५ को दफा ५६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "पर्वतारोहणसम्बन्धी नियमावली, २०३६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा "ऐन" भन्नाले पर्यटन ऐन, २०३५ सम्झनुपर्छ ।

३. पर्वतारोहणको लागि अनुमति लिनु पर्ने : (१) पर्वतारोहणको लागि अनुमति लिन चाहने विदेशी पर्वतारोही दलले प्रस्तावित पर्वतारोहणको साधारणतया चार महीना अगावै आफ्नो देशको सरकार वा आफ्नो देशको कुनै मान्यता प्राप्त पर्वतारोहण संस्था वा नेपाल अधिराज्यको लागि त्यस देशको राजदूतावासको सिफारिश संलग्न गरी अनुसूची–१ बमोजिमको ढाँचामा पर्यटन मन्त्रालयमा दरखास्त दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) बमोजिम पर्न आएको दरखास्तमाथि आवश्यक जाँचबुझ गरी अनुमति प्रदान गर्न मुनासिब देखेमा पर्यटन मन्त्रालयले अनुसूची–२ बमोजिमको ढाँचामा पर्वतारोहणको अनुमति दिनेछ ।

(३) पर्वतारोहणको लागि साधारणतः शरद ऋतु, शिशिर ऋतु वा वसन्त ऋतुको लागि अनुमति दिइनेछ ।

स्पष्टिकरण : यस नियमको प्रयोजनको लागि "शरद ऋतु" भन्नाले भदौको आधादेखि कार्तिक महीनाको आधासम्म, "शिशिर ऋतु" भन्नाले मंसीरको आधादेखि माघ महीनाको आधासम्म र "वसन्त ऋतु" भन्नाले फागुनको आधादेखि जेष्ठ महीनाको आधासम्म सम्झनुपर्छ ।

४. पर्वतारोहण गर्ने मार्गको नक्शा पेश गर्नु पर्ने : पर्वतारोही दलले नियम ३ को उप-नियम (१) बमोजिम अनुमतिको निमित्त पर्यटन मन्त्रालयमा दरखास्त दिंदा पर्वतारोहणको लागि यात्रा गर्ने मार्ग (लश्कर मार्ग) र आरोहण गर्ने मार्ग स्पष्ट अङ्कित भएको नक्शा पनि पेश गर्नु पर्नेछ ।

५. पर्वतारोहणको लागि तिर्नु पर्ने सलामी रकम : (१) नियम ३ को उप-नियम (२) बमोजिम अनुमति पाउने पर्वतारोही दलले देहायको वर्गको हिमालचूलीको आरोहणको लागि देहायको दरले परिवर्त्य विदेशी मुद्रामा पर्यटन मन्त्रालयमा सलामी रकम बुझाउनु पर्नेछः–

| | | |
|---|---|---|
| (क) | सगरमाथा– | पन्ध्रहजार रूपैयाँ |
| (ख) | सगरमाथा बाहेक ८,००० मिटरभन्दा बढी उचाइ भएका हिमालचूलीहरू – | चौधहजार रूपैयाँ |
| (ग) | ७,५०१ देखि ८,००० मिटरसम्म उचाइ भएका हिमालचूलीहरू– | बाह्रहजार रूपैयाँ |
| (घ) | ६,६०० देखि ७,५०० मिटरसम्म उचाइ भएका हिमालचूलीहरू– | दशहजार रूपैयाँ |
| (ङ) | ६,६०० मिटरदेखि मुनिका अन्य हिमालचूलीहरू | आठहजार रूपैयाँ |

(२) उप-नियम (१) बमोजिमको सलामी रकमको आधा रकम पर्वतारोही दलले अनुमति पाएको दुई महीनाभित्र र बाँकी रकम पर्वतारोहणमा जानु अघि बुझाइसक्नु पर्नेछ ।

(३) पर्वतारोही दलले पर्वतारोहणको अनुमति प्राप्त गरेको मितिले दुई महीनाभित्र सलामीको आधा रकम नबुझाएमा त्यस्तो पर्वतारोही दलले पाएको अनुमति स्वतः रद्द हुनेछ ।

(४) उप-नियम (२) बमोजिम बुझाउनु पर्ने सलामीको आधा रकम बुझाई सकेपछि सम्बन्धित पर्वतारोही दलले आफ्नो पर्वतारोहणको योजना त्यागेमा पहिले बुझाई सकेको रकम फिर्ता गरिने छैन ।

३८५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. अभियान पछि सार्न सकिने: (१) कुनै पर्वतारोही दलले आफूले अनुमति पाएको प्रस्तावित पर्वतारोहण अभियान पछि सार्न चाहेमा पर्वतारोहण गर्ने जुन ऋतुको लागि अनुमति पाएको हो सो ऋतुको कम्तीमा चार महीना अगावै पर्यटन मन्त्रालयमा लिखित सूचना दिनु पर्नेछ।

(२) उप-नियम (१) बमोजिमको सूचनामा उल्लेखित समयमा अरू पर्वतारोहण दललाई अनुमति नदिएको भए पर्यटन मन्त्रालयले प्रस्तावित पर्वतारोहण अभियानको समय पछि सार्ने अनुमति दिन सक्नेछ।

(३) उप-नियम (१) बमोजिम अभियान पछि सार्न चाहने पर्वतारोही दललाई साधारणतया दुई वर्षभन्दा बढी समयसम्म पछि सार्ने अनुमति दिइने छैन।

७. पर्वतारोही दलले पालन गर्नु पर्ने शर्तहरू: पर्वतारोहणको अनुमति पाउने पर्वतारोही दलले देहायका शर्तहरू पालन गर्नु पर्नेछ :–

(क) आफ्नो गतिविधि आफूले अनुमति पाएको हिमालचूलीमा आरोहण गर्ने काममा मात्र सीमित राख्ने,

(ख) पर्वतारोहण गर्न गएको क्षेत्रको स्थानीय जनताको रीति-रिवाज तथा धार्मिक, सामाजिक एवं सांस्कृतिक परम्परामा आघात पुऱ्याउने खालका कुनै कार्य नगर्ने,

(ग) आधार शिविर नपुगेसम्म बाटोमा विभिन्न ठाउँमा स्थापना गरिने मुकाम शिविरहरू सकभर स्थानीय जनतालाई मान्य हुने वा त्यस प्रयोजनको निमित्त श्री ५ को सरकारले तोकिदिएको ठाउँमा मात्र स्थापना गर्ने,

(घ) श्री ५ को सरकारले अनुमति दिएकोमा बाहेक अन्य कुनै हातहतियार, विस्फोटक पदार्थ, यान्त्रिक उपकरण, आदि साथमा नलैजाने,

(ङ) नेपाल अधिराज्यको सुरक्षा एवं प्रतिष्ठामा प्रतिकूल असर पर्ने किसिमको कुनै काम नगर्ने,

(च) उपयोग गर्ने स्वीकृति पाएको बाहेक अन्य कुनै किसिमको दूर सञ्चारको साधन प्रयोग नगर्ने,

(छ) पर्वतारोही दलले पर्वतारोहण गर्न गएको क्षेत्र वरपरका रूख पात तथा अन्य वन्य सम्पदालाई क्षति पुऱ्याउन वा मास्न नहुने,

(ज) पर्वतारोहण अभियानको समयमा कुनै अप्राप्य चीजहरू फेला परेमा त्यस्ता सबै चीजहरू सम्पर्क अधिकृतमार्फत श्री ५ को सरकारलाई बुझाउने।

८. पर्वतारोही दललाई दिइने सुविधा: पर्वतारोहणको अनुमति पाउने पर्वतारोही दललाई श्री ५ को सरकारले देहायबमोजिमको सुविधा दिन सक्नेछ :–

(क) पर्वतारोहण अभियान समाप्त भएपछि स्वदेश फिर्ता लैजाने शर्तमा बाह्-वटासम्म बाकीटकीहरू र आधार शिविरदेखि सबभन्दा नजिकको प्रहरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चौकी वा दूर सञ्चार साधन भएको ठाउँसम्म कुरा गर्न सकिने क्षमता भएको दुईवटासम्म वायरलेस सेट अस्थायी रूपमा पैठारी गरी अभियानकालमा प्रयोग गर्ने,

(ख) पर्वतारोहणको लागि पैठारी गरिने मालसामानहरूमा लाग्ने भन्सार शुल्कमा आंशिक छुट,

(ग) आधार शिविरबाट काठमाडौंसम्म कुरा गर्न सक्ने क्षमता भएको वायरलेस सेट दुई ।

तर त्यस्तो सुविधा उपभोग गर्न चाहने पर्वतारोही दलले एकसेट वायरलेस आरोहणको अवधिभर पर्यटन मन्त्रालयको नियन्त्रणमा गरी पर्यटन मन्त्रालयलाई दिनु पर्नेछ ।

६. <u>व्यक्तिगत दुर्घटना बीमा गराउनु पर्ने</u> : (१) पर्वतारोही दलले पर्वतारोहणको लागि प्रस्थान गर्नु अघि आफ्नो साथमा जाने सम्पर्क अधिकृत, सरदार, पर्वतीय पथप्रदर्शक, उचाइमा जाने भरिया, आधार शिविरका कामदार तथा स्थानीय भरियालाई पर्वतारोहण अभियान समाप्त गरी नफर्कुन्जेलसम्मको लागि देहायबमोजिमको व्यक्तिगत दुर्घटना बीमा गराउनु पर्नेछ :–

(क) सम्पर्क अधिकृतको लागि एक लाख पचासहजार रूपैयाँ,

(ख) सरदार र पर्वतीय पथप्रदर्शकको लागि एकलाख रूपैयाँ,

(ग) उचाइमा जाने भरियाको लागि पचहत्तरहजार रूपैयाँ,

(घ) आधार शिविरको कामदार तथा स्थानीय भरियाको लागि पचासहजार रूपैयाँ ।

(२) उप-नियम (१) बमोजिम पर्वतारोही दलले व्यक्तिगत दुर्घटना बीमा गराउँदा राष्ट्रिय बीमा संस्थान वा पर्यटन मन्त्रालयले अनुमति दिएको अन्य कुनै बीमा कम्पनीमा बीमा गराउनु पर्नेछ ।

(३) उप-नियम (१) बमोजिम बीमा गरिएको व्यक्तिको दुर्घटनामा परी अङ्गभङ्ग वा मृत्यु भए बापत त्यस्तो व्यक्तिले बीमा कम्पनीबाट जो पाउने रकम निजलाई दिलाई दिने जिम्मेवारी सम्बन्धित पर्वतारोही दलको वा सो पर्वतारोही दलको व्यवस्था मिलाउने संस्थाको हुनेछ ।

(४) पर्वतारोही दलको साथमा जाने कुनै सम्पर्क अधिकृत, सरदार, पर्वतीय पथ-प्रदर्शक, उचाइमा जाने भरिया, आधार शिविरका कामदार वा स्थानीय भरिया दुर्घटनामा परी चोट पटक लागेमा त्यस्तो चोट पटकको औषधोपचार गराउन लाग्ने सम्पूर्ण खर्च सम्बन्धित पर्वतारोही दलले व्यहोर्नु पर्नेछ ।

(५) उप-नियम (१) बमोजिम व्यक्तिगत दुर्घटना बीमा गरी दिनु पर्ने व्यक्तिको बीमा गर्न नपाउँदै काममा लगाएको बखत दुर्घटनामा परी मृत्यु भएमा सोबापत ऐनको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दफा २५ को उप-दफा (२) वा (३) बमोजिम क्षतिपूर्ति पाउने मृतकको हकवाला नाबालक भएमा निजले पाउने क्षतिपूर्तिको रकम सम्बन्धित पर्वतारोही दलले पर्यटन मन्त्रालयमा बुझांउनु पर्नेछ, त्यसरी प्राप्त भएको क्षतिपूर्तिको रकमलाई त्यस्तो नाबालक बालिग नहुञ्जेलसम्म निजको पालन पोषणको निमित्त आवश्यक व्यवस्था मिलाउनको निमित्त पर्यटन मन्त्रालयले उपयुक्त देखेको तरीका अपनाई त्यस्तो क्षतिपूर्तिको रकमको उपयोग गर्न सक्नेछ।

१०. सम्पर्क अधिकृतको काम र कर्तव्य : (१) सम्पर्क अधिकृत खटाउँदा साधारणतया श्री ५ को सरकारले शाही नेपाली सेना वा नेपाल प्रहरीका बहालवाला वा भूतपूर्व अधिकृत, निजामती सेवाका बहालवाला अधिकृत वा पर्वतारोहण संघबाट सिफारिश भई आएका व्यक्तिहरूमध्येबाट खटाउनेछ।

(२) पर्वतारोही दलको साथमा जाने सम्पर्क अधिकृतको काम र कर्तव्य देहायबमोजिम हुनेछ :–

(क) पर्वतारोहण दलले पर्वतारोहणको लागि प्रस्थान गरेदेखि सम्बन्धित पर्वतको आधार शिविरसम्म दोभाषेको रूपमा काम गर्ने,

(ख) मुकाम शिविरको निमित्त स्थान निर्धारण गर्ने पर्वतारोही दलको नेतालाई सल्लाह दिने,

(ग) पर्वतारोही दललाई बाटामा आइपरेको समस्याहरू सुल्झाउने प्रयत्न गर्ने,

(घ) पर्वतारोहण अभियान चालू रहेसम्म आधार शिविरमा मुकाम गर्ने र पर्वतारोहणसम्बन्धी कार्यक्रम, प्रगति एवं दुर्घटनाको बेहोरा छिटो छरितो साधनद्वारा पर्यटन मन्त्रालयमा पठाउने,

(ङ) पर्वतारोही दलको साथमा गएका सरदार, पर्वतीय पथप्रदर्शक, अन्य भरिया तथा कामदारलाई अनुशासनमा राखी कुनै मनमुटाव वा झगडा हुन नदिन प्रयत्न गर्ने,

(च) पर्वतारोहणको अवधिमा पर्वतारोही दलका कुनै सदस्य र स्थानीय जनता वा सरदार, पथप्रदर्शक वा भरियाका बीच कुनै झै झगडा वा अप्रिय घटना घट्न गएमा आफूले भ्याएसम्म आफूले मिलाउने र मिलाउन नसक्ने परिस्थिति उत्पन्न भएमा नजिकको प्रहरी चौकी, जिल्ला प्रशासन वा स्थानीय पञ्चायतको मद्दत लिई आवश्यक कारवाही गर्ने गराउने,

(छ) पर्वतारोहण दलले प्रयोग गरेको वाकिटकी वायरलेस सेट तथा अन्य सामानहरू हराएमा, दुर्घटनामा परी पर्वतारोही दलको कुनै सदस्य, सरदार, पथप्रदर्शक वा भरियाको मृत्यु वा अङ्गभङ्ग भएमा वा सोमध्ये कसैले कुनै गम्भीर अपराध गरेमा वा गर्ने सम्भावना भएमा अविलम्ब त्यसको प्रतिवेदन पर्यटन मन्त्रालयमा पठाउने;

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) पर्वतारोही दलले काममा लगाएको भरिया तथा कामदारहरूको लगत दलको नेताद्वारा प्रमाणित गराई पर्यटन मन्त्रालयमा पठाउने,

(झ) कुनै पर्वतारोही दल वा दलको कुनै सदस्यले अनधिकृत पर्वतारोहण गर्न खोजेमा त्यस्तो कार्य रोक्नको निमित्त प्रयत्न गर्ने र त्यस्को सूचना यथाशीघ्र पर्यटन मन्त्रालयलाई दिने,

(ञ) पर्वतारोहणको सम्बन्धमा पर्यटन मन्त्रालयले समय समयमा दिएको निर्देशन बमोजिम गर्ने,

(ट) पर्वतारोही दलले नियम ७ को खण्ड (ज) बमोजिम बुझाएको अप्राप्य मालसामान बुझिलिई श्री ५ को सरकारले तोकेको ठाउँमा सुरक्षित साथ बुझाउने।

११. सम्पर्क अधिकृतलाई दिइने सुविधाः (१) ऐनको दफा २० बमोजिम खटी जाने सम्पर्क अधिकृतलाई पर्वतारोही दलले देहायबमोजिमको सुविधा दिनु पर्नेछः–

(क) दैनिक भत्ता चालीस रूपैयाँ,

(ख) प्रति व्यक्ति कम उचाइमा प्रयोग हुने एक र आधार शिविरमा प्रयोग हुने एक गरी जम्मा स्लीपिंग ब्याग थान दुई, ऊनी ट्राउजर वा निकर थान दुई, ऊनी मोजा चार जोर, पंजा एक जोर, हिउँमा लाउने जुत्ता एक जोर, फेदर ज्याकेट एक, विण्ड ज्याकेट एक, विण्ड ट्राउजर एक, स्वीटर एक, ऊनी कमीज दुई, ऊनी टोपी एक, हावा वा रबरको डसना एक, रूक स्याक थान एक, हिउँमा लाउने चस्मा एक, छाता वा रेनकोट एक, अभियान अवधिभर प्रयोग गर्ने पाल एक,

(ग) खाना, औषधि र औषधि उपचारका सरसामान,

(घ) भरियाको सुविधा।

(२) उप-नियम (१) बमोजिम सम्पर्क अधिकृतलाई दिनु पर्ने भनी तोकिएको सामानहरूको सट्टा सम्बन्धित पर्वतारोही दलले त्यस्तै किसिमको अझ बढी वैज्ञानिक वा अत्याधुनिक सामानहरू प्रयोगमा ल्याउने भएमा त्यस्तो पर्वतारोही दलले सम्पर्क अधिकृतलाई पनि त्यस्तै किसिमको सामानहरू त्यसै अनुपातमा दिनु पर्नेछ।

१२. सरदारको काम र कर्तव्यः– सरदारको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) सम्पर्क अधिकृतसँग घनिष्ठ सम्बन्ध राखी काम गर्ने,

(ख) पर्वतारोही दलको साथमा जाने पर्वतीय पथप्रदर्शक, उचाइमा जाने भरिया, स्थानीय भरिया तथा आधार शिविरका कामदारको सामुहिक हितलाई ध्यानमा राखी काम गर्ने,

(ग) पर्वतारोही दलको सम्पूर्ण मालसामान भरियाको लापरवाहीबाट हिनामिना हुन नदिने गरी पूरा जिम्मेवारी वहन गर्ने,

350

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) आरोहण कालमा सकेसम्म सुरक्षित र सरल तरीकाले आरोहण गर्ने दलका नेता एवं सदस्यलाई आफ्नो अनुभव र जानकारीले भ्याएसम्म आवश्यक सरसल्लाह दिने,

(ङ) अग्रीम शिविरहरूमा खानापिना एवं सरसामान उपयुक्त समयमा पुऱ्याउने व्यवस्था गर्ने,

(च) पर्वतारोही दलका कुनै सदस्य, पर्वतीय पथप्रदर्शक वा उचाइमा जाने भरिया, आधार शिविरका कामदार वा स्थानीय भरिया आपत्तिमा परेमा निजलाई उद्धार गर्ने काममा मद्दत पुऱ्याउने,

(छ) पर्यटन मन्त्रालयले कुनै निर्देशन दिएमा सोबमोजिम काम गर्ने ।

१३. पर्वतीय पथप्रदर्शकको काम र कर्तव्यः पर्वतारोही दलको साथमा जाने पर्वतीय पथ प्रदर्शकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) सरदारसँग घनिष्ठ सम्बन्ध राखी काम गर्ने,

(ख) आधार शिविरभन्दा माथिल्लो उचाइको शिविरमा भरियाको लापरबाहीबाट मालसामानहरू हिनामिना हुन नदिने गरी जिम्मेवारी वहन गर्ने,

(ग) पर्यटन मन्त्रालयबाट स्वीकृत गरेको मार्गबाट मात्र पर्वतारोहण गर्न पर्वतारोही दललाई पथ प्रदर्शन गर्ने,

(घ) कुनै कारणवश आधार शिविरभन्दा माथिको पर्वतारोहणको मार्ग बदल्नु परेमा सम्पर्क अधिकृतसित सम्पर्क राखी निजको आदेश बमोजिम गर्ने,

(ङ) आरोहण कालमा सकेसम्म सुरक्षित र सरल तरीकाले आरोहण गर्ने मार्गबारे पर्वतारोही दलको साथमा जाने सरदारलाई वा सरदार पुग्न नसक्ने उचाइमा भए पर्वतारोही दलका नेता वा सदस्यलाई आफ्नो अनुभव र जानकारीले भ्याएसम्म आवश्यक सरसल्लाह दिने,

(च) पर्वतारोही दलको सदस्य, सरदार वा अन्य कुनै भरिया आपत्तिमा परेमा निजको उद्धार गर्ने काममा मद्दत पुऱ्याउने,

(छ) पर्यटन मन्त्रालयले कुनै निर्देशन दिएमा सोबमोजिम काम गर्ने ।

१४. सरदार, पर्वतीय पथप्रदर्शक, उचाइमा जाने भरिया र आधार शिविरका कामदारलाई दिनु पर्ने सुविधाः (१) सरदार, पर्वतीय पथप्रदर्शक, उचाइमा जाने भरिया, स्थानीय भरिया र आधार शिविरका कामदारलाई पर्वतारोही दलले कम्तीमा देहायका दरले दैनिक भत्ता दिनु पर्नेछः–

(क) सरदारलाई अठ्तीस रूपैयाँ,

(ख) पर्वतीय पथप्रदर्शक र उचाइमा जाने भरियालाई पैंतीस रूपैयाँ,

(ग) आधार शिविरका कामदारलाई पच्चीस रूपैयाँ,

(घ) स्थानीय भरियालाई चौबीस रूपैयाँ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सरदार, पर्वतीय पथप्रदर्शक, उचाइमा जाने भरिया र आधार शिविरको कामदारलाई पर्वतारोही दलले देहायको मालसामान दिनु पर्नेछः–

(क) प्रति व्यक्ति कम उचाइमा प्रयोग हुने एक र आधार शिविरमा प्रयोग हुने एक गरी जम्मा स्लीपिंग ब्याग थान दुई, ऊनी ट्राउजर वा निकर थान एक, ऊनी मोजा एक जोर, हिउँमा लगाउने पंजा एक जोर, हिउँमा लगाउने जुत्ता एक जोर, फेदर ज्याकेट एक, विण्ड ट्राउजर एक, स्वीटर एक, ऊनी कमीज दुई, ऊनी टोपी एक, हावा वा रबरको डसना एक, रूक स्याक थान एक, हिउँमा लगाउने चस्मा एक, छाता वा रेनकोट एक, अभियानको अवधिभर प्रयोग गर्ने पाल एक, आईसएक्स् एक,

(ख) खाना, औषधि र औषधि उपचारका सरसामान,

(ग) आरोहणमा आवश्यक पर्ने अन्य उपकरणहरू ।

(३) उप-नियम (२) बमोजिम सामान तथा उपकरणहरू दिंदा सरदार, पर्वतीय पथप्रदर्शक, उचाइमा जाने भरिया र आधार शिविरका कामदारलाई दिइने सामानहरूको सट्टा सम्बन्धित पर्वतारोही दलले यस्तै किसिमको अझ वैज्ञानिक वा अत्याधुनिक सामानहरू प्रयोगमा ल्याउने भएमा निजहरूलाई पनि त्यस्तै किसिमको सामानहरू त्यसै अनुपातमा दिनु पर्नेछ ।

(४) स्थानीय भरियालाई हिउँमा भारी बोकी हिंड्न परेको अवस्थामा एक जोर जुत्ता, एउटा ओढ्ने वा ज्याकेट, ऊनी ट्राउजर एक, ऊनी कमीज एक, स्वीटर एक र एकजोर पंजा दिनु पर्नेछ ।

१५. <u>भारीको तौल सम्बन्धमाः</u> (१) पर्वतारोही दलले आधार शिविरसम्म जाँदा वा फर्कंदा प्रत्येक स्थानीय भरियालाई बढीमा तीस के. जी. भन्दा बढी तौलको भारी बोकाउनु हुँदैन ।

(२) उचाइमा जाने प्रत्येक भरियालाई देहायको उचाइको निमित्त देहायको तौलभन्दा बढी तौलको भारी बोकाउनु हुँदैनः–

(क) ५,००० मिटरदेखि ६,००० मिटरसम्मको उचाइमा २० के. जी.

(ख) ६,००१ मिटरदेखि ७,००० मिटरसम्मको उचाइमा १७ के. जी.

(ग) ७,००१ मिटरदेखि ८,००० मिटरसम्मको उचाइमा १४ के. जी.

(घ) ८,००० मिटरभन्दा माथिको उचाइमा १२ के. जी. ।

तर तोकिएको तौलभन्दा बढी बोक्नु पर्ने विशेष परिस्थिति परेमा सम्पर्क अधिकृत, पर्वतारोही दलका नेता र सम्बन्धित भरियाको आपसी मञ्जूरीमा माथि उल्लेखित तौलभन्दा थप ५ के. जी. सम्म बोकाउन सकिनेछ ।

१६. <u>इच्छापत्र पेश गर्नु पर्नेः</u> पर्वतारोही दलको साथमा जाने सम्पर्क अधिकृत, सरदार, पर्वतीय पथप्रदर्शक, उचाइमा जाने भरिया तथा आधार शिविरका कामदारले त्यसरी पर्वतारो-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हणमा जानु अगावै अनुसूची– ३ बमोजिमको तीनप्रति इच्छापत्र भरी एकप्रति आफू काम गर्ने संस्था वा कार्यालयमा, एकप्रति पर्वतारोहण संघमा र एकप्रति पर्यटन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१७. हिमालचूलीमा पुग्ने अवसर दिनु पर्नेः अन्तिम शिविरमा पुगेका पर्वतीय पथप्रदर्शक वा उचाइमा जाने भरियालाई सम्बन्धित पर्वतारोही दलले आरोहण गर्ने हिमालचूलीमा पुग्ने अवसर प्रदान गर्नु पर्नेछ ।

१८. पर्वतारोहणसम्बन्धी सामानहरू जँचाउनु पर्नेः (१) पर्वतारोही दलले पर्वतारोहण अभियानको लागि प्रस्थान गर्नु अघि आफ्नो सबै सामान सम्पर्क अधिकृतबाट जँचाउनु पर्नेछ ।

(२) सम्पर्क अधिकृतलाई शङ्का लागेमा पर्वतारोहण कार्य चालू रहेको बखत पनि निजले पर्वतारोही दलको सामानहरू जाँच गर्न सक्नेछ ।

१९. पर्वतारोही दलको नेताको दायित्व र जिम्मेवारीः (१) पर्वतारोही दलले श्री ५ को सरकार तथा अन्य संस्था एवं व्यक्तिलाई तिर्नुपर्ने कुनै किसिमको रकम वा क्षतिपूर्तिसम्बन्धी दायित्व पूरा गर्ने जिम्मेवारी पर्वतारोही दलको नेताको हुनेछ ।

(२) सम्पर्क अधिकृत, सरदार, पर्वतीय पथप्रदर्शक, उचाइमा जाने भरिया, स्थानीय भरिया तथा आधार शिविरका कामदारको खानपिन, बसोबास, आदिको राम्रो प्रवन्ध भए नभएको रेखदेख गर्ने जिम्मेवारी पर्वतारोही दलको नेताको हुनेछ ।

(३) पर्वतारोही दलको नेताले आफ्नो दलको साथमा जाने सरदार, पर्वतीय पथप्रदर्शक, उचाइमा जाने भरिया, स्थानीय भरिया तथा आधार शिविरका कामदारहरूको नाम तथा ठेगानासहितको लगत पर्यटन मन्त्रालयमा पठाउनु पर्नेछ ।

२०. पर्वतारोहणसम्बन्धी समाचारको प्रसारणः ऐनको दफा ३१ बमोजिम श्री ५ को सरकारलाई सूचना दिने प्रयोजनको लागि पर्वतारोहण अभियानसम्बन्धी सबै प्रकारका समाचारहरू पर्वतारोही दलको नेताले सम्पर्क अधिकृतलाई दिनु पर्नेछ ।

२१. मालसामान बेचबिखन गर्नमा प्रतिवन्धः नियम ८ को खण्ड (ख) बमोजिम आंशिक छूट पाई पर्वतारोहण दलले पैठारी गरेको मालसामानहरू श्री ५ को सरकारको स्वीकृतिबेगर बेच्न वा कुनै व्यक्तिलाई दान दातव्य दिन हुँदैन ।

२२. वातावरण सफा राख्नु पर्नेः (१) पर्वतारोही दलले आफ्नो मुकाम शिविरबाट प्रस्थान गर्नु अघि आफूले प्रयोग गरी फ्याँकिएका सबै सामानहरू बटुली पानीघाट, धार्मिक स्थल वा सार्वजनिक महत्वको ठाउँलाई सन्धिसर्पन नपर्ने ठाउँमा लगी जलाउनु वा खाडल खनी पुर्नु पर्दछ ।

(२) पर्वतारोही दलले आफ्नो अभियानबाट फर्कनु अघि आधार शिविरलगायत सबै शिविरहरूलाई सफा गरी मात्र फर्कनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. पर्वतारोहणसम्बन्धी प्रतिवेदन पठाउनु पर्नेः (१) पर्वतारोही दलको नेता वा जिम्मेवार सदस्यले पर्वतारोहण कालमा प्रत्येक सात सात दिनमा अनुसूची – ४ बमोजिमको प्रतिवेदन सम्पर्क अधिकृतमार्फत पर्यटन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) पर्वतारोही दलका नेताले आफ्नो पर्वतारोहण कार्य समाप्त भएपछि अनुसूची ५ बमोजिमको प्रतिवेदन नेपाल अधिराज्यबाट स्वदेश फर्कनुभन्दा अघि पर्यटन मन्त्रालयमा दिनु पर्नेछ ।

(३) पर्वतारोहण कार्य सफलतापूर्वक समाप्त गरी वा नगरी नेपाल अधिराज्य छाड्नु-भन्दा अघि सम्बन्धित दलका नेता र सदस्यले पर्यटन मन्त्रालयमा सम्पर्क राख्नु पर्नेछ ।

(४) पर्वतारोही दलका नेताले पर्वतारोहण अभियान समाप्त भएको पाँच महीनाभित्र आफ्नो पर्वतारोही दलले आरोहण गरेको मार्गको नक्शासहितको विस्तृत सचित्र प्रतिवेदन अंग्रेजी वा नेपाली भाषामा तयार गरी पर्यटन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(५) उप-नियम (४) बमोजिम सचित्र प्रतिवेदन पेश गर्दा आफूले आरोहण गरेको मार्गबाट लिइएको सम्बन्धित चुचुराको तस्बीर, आधार शिविरलगायत विभिन्न शिविर-हरूको तस्बीर र चूलीमा पुगेको बखत आरोही सदस्यले तस्बीर लिएको भए त्यस्तो तस्बीर-हरूको एक एक प्रति पेश गर्नु पर्नेछ ।

(६) कुनै पर्वतारोही दलले पर्वतारोहण समाप्त गरी फर्केपछि आफ्नो पर्वतारोहण-सम्बन्धी कुनै पुस्तक वा पुस्तिका प्रकाशित गरेमा त्यस्तो पुस्तक वा पुस्तिकाको दुई प्रति पर्यटन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(७) कुनै पर्वतारोही दलले आफ्नो पर्वतारोहणसम्बन्धी वृत्तचित्र तयार पारेमा त्यस्तो वृत्तचित्रको एकप्रति पर्यटन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

२४. प्रमाणपत्र दिइनेः हिमालचूली आरोहणमा सफल वा असफल भएको सबै पर्वतारोही दललाई पर्यटन मन्त्रालयले पर्वतारोहण गरेको प्रमाणपत्र दिनेछ ।

२५. खारेजीः पर्वतारोहणसम्बन्धी नियमहरू, २०३२ खारेज गरिएको छ ।

३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१

(नियम ३ को उप-नियम (१) संग सम्बन्धित)

### पर्वतारोहणको लागि पेश गरिने दरखास्त फाराम

श्री ५ को सरकार,
पर्यटन मन्त्रालय
(पर्वतारोहण शाखा)
काठमाडौं, नेपाल ।

महोदय,

हामीलाई नेपाल अधिराज्यको . . . . . . मिटर अग्लो. . . . . . हिमालचूली सन् १९. . . . . को शरद।शिशिर।वसन्त ऋतुमा आरोहण गर्ने इच्छा भएकोले पर्यटन ऐन, २०३५ तथा पर्वतारोहणसम्बन्धी नियमावली, २०३६ बमोजिम यो निवेदन गरेका छौं । हामीहरूलाई उल्लिखित चूली आरोहण गर्न अनुमति दिइएमा नेपाल कानून तथा पर्वतारोहणसम्बन्धी कानूनका परिधिभित्र रही काम गर्नेछौं । हाम्रो पर्वतारोहण अभियानसम्बन्धी विस्तृत विवरण यसप्रकार छ:–

#### विवरण

१. पर्वतारोही दलको नाम:–

२. मुलुकको नाम:–

३. आयोजक:–

४. अभियान दलको नेता:–

५. पर्वतारोही दलका सदस्यहरूको संख्या:– (सदस्यहरूको दुई प्रति फोटोसहितको संक्षिप्त जीवनी यसैसाथ संलग्न राख्नु पर्छ)

६. पर्वतारोहणको उद्देश्य:–

७. आरोहण गर्ने हिमालचूलीको नाम:–
उचाइ:–
(हिमालचूली रहेको इलाकाको नक्शा साथै राख्नुपर्छ ।)

८. पर्वतारोहणको लागि प्रस्थान गर्ने (लश्कर) मार्ग:–

९. आरोहण गर्ने मार्ग:–

१०. काममा लगाइने स्थानीय भरियाहरूको संख्या:–

११. पर्वतारोहण गरिने समय र अवधि:–

१२. सरदारहरूको संख्या:–

१३. आधार शिविरभन्दा माथि जाने नेपाली सदस्यहरूको संख्या:–

१४. पर्वतारोहणको लागि अनुमानित खर्च र खर्चको स्रोत:–

१५. प्रयोग गरिने मालसामानको अन्दाजी वजन र संख्या:–

१६. काठमाडौंमा सम्पर्क माध्यम:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| १७. पर्वतारोही सदस्यहरूको मातृभाषाः– | १९. पर्वतारोहणसम्बन्धी सामान ओसार्ने साधनः–<br>(क) नेपाल अधिराज्य बाहिरः–<br>(ख) नेपाल अधिराज्य भित्रः– |
| १८. सरदार, पर्वतीय प्रथप्रदर्शक, उचाइमा जाने भरिया तथा आधार शिविरका कामदार बन्दोबस्त गर्ने संस्थाः– | २०. अरू केही खास विवरण भएः–<br>(क)<br>(ख)<br>प्रस्तावित अभियान दलको नेताको<br>दस्तखतः–<br>नामः–<br>ठेगानाः– |

मितिः–

३८६

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२
(नियम ३ को उप-नियम (२) सँग सम्बन्धित)
श्री ५ को सरकार
पर्यटन मन्त्रालय
पर्वतारोहण शाखा

संख्या:– मिति:–

अनुमति

श्री ५ को सरकारबाट सन् १९. . . को शरद।शिशिर।वसन्त ऋतुमा निम्नलिखित पर्वतारोही दललाई पर्यटन ऐन, २०३५ पर्वतारोहणसम्बन्धी नियमावली, २०३६ को अधीनमा रहने गरी निम्नलिखित हिमालचूली आरोहण गर्न अनुमति प्रदान गरिएको छ ।

१. पर्वतारोही दलको नाम:–
२. देश:–
३. हिमालचूलीको नाम र उचाइ:–
४. पर्वतारोहणको लागि प्रस्थान गर्ने (लश्कर) मार्ग:–
५. आरोहण गर्ने मार्ग:–

. . . . . . . . . . . .

अनुमतिपत्र प्रदान गर्ने
अधिकृतको दस्तखत

३८६

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–३

(नियम १६ संग सम्बन्धित)

### इच्छापत्रको ढाँचा

नाम:–

दायाँ बुढी औंलाको छाप

लिखितम् नेपाल अधिराज्यमा जन्म भै . . . . . . . .

अञ्चल . . . . . जिल्ला . . . . . . गा. पं. । न. पं. वडा नं. . . .

गाउँ । टोल बस्ने . . . . . . . . . को छोरा। छोरी . . . . . . वर्ष

. . . . . को . . . . . . आगेम . . . . . पर्वतारोही दलसँग . . . . . .

. . . . . . पर्वतारोहण गर्न उक्त दलको साथमा . . . भै जाँदा वा काम गर्दा कथं कदाचित दुर्घटनामा परी मेरो मृत्यु हुन गएमा पर्वतारोहण-सम्बन्धी नियमावली, २०३६ बमोजिम . . . . . . बीमा कम्पनीबाट पाउने बीमा रकम बीमा लेखमा इच्छाएको व्यक्तिलाई र . . . पर्वतारोही दलबाट पाउने अन्य क्षतिपूर्तिको रकम मेरो शेषपछि . . . . . . अञ्चल . . . जिल्ला . . . गा. पं. । न. पं. वडा नं. . . . . . . . बस्ने . . . को छोरा । छोरी । स्वास्नी . . . . . . . . . जो मेरो . . . . . . . . पर्छलाई दिइयोस् र कथं कदाचित इच्छित व्यक्ति फेला नपरेमा वा मरेमा मेरो एकाघरको परिवारको अन्य कुनै पनि सदस्यलाई दिइएमा मेरो मञ्जूर छ भनी खुशिराजीसँग यो इच्छापत्र लेखी यसको तीन प्रति बनाई मैले काम गर्ने . . . संस्था वा कार्यालय । श्री ५ को सरकार, पर्यटन मन्त्रालय । नेपाल पर्वतारोहण संघमा एकप्रति पेश गरेको छु ।

साछीहरु –

१.

२.

३.

बायाँ बुढी औंलाको छाप

साछी किनारामा लेखिएको सदर । इति सम्वत् २० . . . . साल . . . . . . महीना . . . गते रोज . . . शुभम्– – – – – – –

३८८

बायाँ बुढी औंलाको छाप दायाँ बुढी औंलाको छाप

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–४
(नियम २३ को उप-नियम (१) सँग सम्बन्धित)

**पर्वतारोहण कालमा प्रयोग गरिने प्रतिवेदन फाराम**

१. काठमाडौं छोडेको मितिः–
२. आधार शिविर खडा गरेको मितिः–
३. अरू क्याम्पहरू खडा गरेको विवरणः–

खडा गरेको क्याम्पः–
मितिः–
क्याम्प रहेको ठाउँको उचाइः–

४. मौसमको स्थितिः–
५. सदस्यहरूको स्वास्थ्यको अवस्थाः–
६. सम्पर्क अधिकृत, सरदार, पर्वतीय प्रथप्रदर्शक, उचाइमा जाने भरिया, आधार शिविरका कामदार तथा अन्य भरियाहरूको स्वास्थ्यः–
७. केही खास अनुरोध भएः–

पर्वतारोही दलको नेता वा जिम्मेवार सदस्यको
दस्तखतः–
मितिः–

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–५

(नियम २३ को उप-नियम (२) सँग सम्बन्धित)

**पर्वतारोहण अभियान समाप्त भएपछि पेश गर्ने प्रतिवेदन फाराम**

१. पर्वतारोहणको नामः–
२. आरोहण गरिएको हिमालचूलीको नाम र उचाइः–
३. श्री ५ को सरकारबाट अनुमति पाएको मितिः–
४. नेताको नामः–
५. सदस्यहरूको संख्याः–
६. राष्ट्रियताः–
७. पर्वतारोहणको अवधिः–
८. पर्वतारोही दल काठमाडौं आइपुगेको मितिः–
९. पर्वतारोहणको लागि काठमाडौंबाट प्रस्थान गरेको मितिः–
१०. पर्वतारोही दल काठमाडौं फर्केको मितिः–
११. सफल।असफलः–
१२. कुन स्थानसम्म पुगेको त्यसको उचाइ र मितिः–
१३. हिमालचूली सफलतापूर्वक आरोहण गर्ने व्यक्तिहरूको नामः–
१४. सम्पर्क अधिकृतको नामः–
१५. सरदारहरूको संख्या र तिनिहरूको नामः–
१६. आधार शिविरभन्दा माथि गएका नेपाली सदस्यहरूको संख्याः–
१७. काममा लगाइएका स्थानीय भरियाहरूको संख्याः–
१८. पर्वतारोहणको लागि कुल खर्चः–
१९. नेपाल अधिराज्यभित्र खर्च भएको रकमः–
२०. कुनै शिकायत वा सुझाव भए:–
२१. पर्वतारोहणको अवधिमा कुनै दुर्घटना घटेको भए त्यसको विवरणः–

मितिः–. . . . . .

(नेताको दस्तखत)

आज्ञाले–
गोरक्षबहादुर न्हुछे प्रधान
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

**पर्यटन मन्त्रालयको**

**सूचना**

पर्यटन ऐन, २०३५ को दफा १ को उप-दफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐनको परिच्छेद ४ तुरुन्त प्रारम्भ हुने गरी तोकेको छ ।

आज्ञाले–
गोरक्षबहादुर न्हुछे प्रधान
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।